## सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन, २०७९

१. सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ को उपदफा (२) बाट सामाजिक सुरक्षा ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ मा थप गर्न प्रस्ताव गरिएको खण्ड (ङ१) को सट्टा देहायको खण्ड (ङ१) राख्नेः-

"(ङ१) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, न्यायिक पृथकिकरण गरी बसेका, लगातार बाह्र वर्षदेखि पतिको सम्पर्कमा नरहेका, लैङ्गिक हिंसामा परी विवाहित वा अविवाहित रुपमा एक्लो जीवन व्यतित गरिरहेका वा चालिस वर्ष उमेर पूरा भएका विवाह नगरेका महिला सम्झनु पर्छ ।"

२. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्नेः-

"३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "सत्तरी वर्ष" भन्ने शब्दहरुको सट्टा "अठसट्ठी वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "कुनै निश्चित क्षेत्र तोकी त्यस्तो बसोबास" भन्ने शब्दहरुको सट्टा "पिछडिएको क्षेत्रका साथै कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बसोबास" भन्ने शब्दहरु राखिएका छन्।"

३. विधेयकको दफा ४ बाट मूल ऐनमा संशोधन गर्न प्रस्ताव गरिएको दफा ७ को सट्टा देहायको दफा ७ राख्नेः-

"७. **असहाय एकल महिला भत्ताः** देहायका एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछन्:-

(क) विधवा,

(ख) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालनपोषण नगरेका अन्य एकल महिला ।"

४. मूल ऐनको दफा १२ पछि देहायका दफा १२क. थप्नेः-

"१२क. **<u>सामाजिक सुरक्षा नलिनेलाई सम्मान</u>** : दफा १२ को उपदफा (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सामाजिक सुरक्षा पाउने व्यक्तिले त्यस्तो सामाजिक सुरक्षा नलिने स्वेच्छिक घोषणा गरेमा त्यस्तो व्यक्तिलाई प्रशंसापत्रसहित तोकिए बमोजिम सम्मान गरिनेछ ।"